नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल काठमाण्डौ

# विज्ञप्ती

स्वास्थ्य वीमा वोर्डमा आवद्ध भएका दर्ता सहयोगीहरुले स्वास्थ्य वीमा वोर्डको केन्द्रिय कार्यालय बबरमहल सहित, प्रदेश तथा जिल्ला सम्पर्क कार्यालय केन्द्रित भई गरेको नारावाजी, धर्ना, जुलुस, तालावन्दी लगायतका कार्यमा स्वास्थ्य वीमा वोर्डको गम्भीर ध्यानाकर्षण भएको छ ।

मिति २०७२ साल चैत्र २५ गते देखि शुरु भएको स्वास्थ्य वीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गर्दै वितिय संरक्षण प्रदान गर्ने अवधारणा अन्तरगत सरकारद्वारा सञ्चालित सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रम हाल ७७ जिल्लाका ७५३ स्थानीय तहमा विस्तार भएको छ । स्वास्थ्य वीमा कार्यक्रमलाई सर्वसाधारण सम्म पुर्याउन भौगोलिक दुर्गमता लयागतका दुःखमा समेत संघर्ष गर्दै अहोरात्र खटिई स्वास्थ्य वीमामा आवद्ध दर्ता सहयोगीहरुको महत्वपूर्ण भूमिका रहेकोछ । स्वास्थ्य वीमा कार्यक्रम शुरु भएदेखि लगातार सात वर्ष सम्म दर्ता सहयोगीले पाउने प्रोत्साहन रकममा १ प्रतिशत मात्र कर कट्टा हुने गरेकोमा आ.व.०७९।०८० को लेखा परिक्षण गर्दा लेखा परिक्षण गर्ने सम्बन्धित निकायबाट दर्ता सहयोगीले पाउने प्रोत्साहन रकममा १५ प्रतिशतका दरले कर कट्टा गर्न र आ.व. ०७९।०८० देखि निजहरुले प्राप्त गरेको रकम सम्बन्धितबाटै असुल उपर गर्नेगरी वेरुजु कायम भएको कारण देखाई  दर्ता सहयोगीहरुले आफूलाई परेको समस्याको विषयमा राखिएका यथार्थ र उचित मागहरुलाई कार्यालयको कार्य वातावरणमा असर नपर्ने गरी प्रतिनिधि मार्फत लिई आएमा उक्त मागहरुलाई  सम्बोधन गर्ने कार्यमा सम्बन्धित निकायहरूमा अनुरोध तथा सहजीकरण गर्ने पहल गर्न स्वास्थ्य वीमा वोर्ड सदैव तत्पर एवं प्रतिवद्ध छ । स्वास्थ्य वीमा वोर्डले यस अघि पनि करकट्टीको विषय सम्बोधन गर्ने कार्यमा पटक पटक सम्बन्धित निकायहरुमा पहल गर्दै आइरहेको व्यहोरा समेत सबैमा अनुरोध छ ।

तसर्थ, नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रम प्रति वितृष्णा हुनेगरी कुनै पनि कार्य नगर्न नगराउनु हुन सम्पूर्ण दर्ता सहयोगीहरुलाई स्वास्थ्य वीमा वोर्ड हार्दिक अनुरोध गर्दछ । साथै धर्ना जुलुस तथा आन्दोलनको क्रममा घाइते हुनु भएका दर्ता सहयोगीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

मिति २०८१।०३।०६ गते विहिबार